# सिरानचोक गाउँपालिकाको पूर्वाधार योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड, २०७६

## सिरानचोक गाउँपालिका
## गाउँ  कार्यपालिकाको कार्यालय
## छोप्राक, गोरखा

सिरानचोक गाउँपालिका

# पूर्वाधार योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड -२०७६

गाउँपालिकाको क्षेत्र भित्र भौतिक संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि पूर्वाधार योजनामा खर्च गर्ने रकमलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनिय भएकोले गाउँकार्यपालिकाको बैठकले सिरानचोक गाउँपालिकाको विनियोजन ऐन २०७६ को दफा ५ को बमोजिम **"पूर्वाधार योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड -२०७६"** लाई स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १

१. **संक्षिप्त नामः र प्रारम्भ:**

१.१ यस कार्यविधिको नाम **"पूर्वाधार योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड -२०७६"**रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ

(च) "मापदण्ड" भन्नाले पूर्वाधार योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड -२०७६ लाई सम्झनु पर्दछ ।

(छ) "क्रमागत आयोजना" भन्नाले विगत आर्थिक वर्षदेखि सुरु भई सम्पन्न नभएको आयोजनालाइ सम्झनु पर्दछ।

(ज) "पुर्वाधार योजना" भन्नाले सड्क, खानेपानी, सिंचाई कुलो, सामुदायिक भवन, स्वास्थ्य केन्द्र, सामुदायिक विद्यालय, पालिका कार्यालयहरु, मठ मन्दिर लाइ सम्झनु पर्दछ ।

३. **पूर्वाधार योजनामा खर्च गर्ने रकम विनियोजन समिति सम्वन्धि व्यवस्था :**

३.१ गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि पूर्वाधार योजनामा खर्च गर्ने रकमलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गन देहायको रकम विनियोजन समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| ख) उपाध्यक्ष | - सदस्य |
| ग) पुर्वाधार विकास समितिका संयोजक | - सदस्य |
| घ) प्राविधिक शाखा प्रमुख | - सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

राजु गुरुङ
अध्यक्ष

अध्यक्षले आवश्यक परेको अवस्थामा विषयगत समितिको संयोजक, विषयगत शाखाका प्रमुख तथा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

३.२ संचालन समितिको वैठक सामान्यतया वर्षमा ४ पटक बस्ने छ ।

३.३ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

३.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक अध्यक्षज्युको निर्देशनमा जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

३.५ संचालन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

३.६ बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ ।

३.७ यस समितिको निर्णयलाई गाउँकार्यपालिकाको बैठकले अनुमोदन गर्नुपर्नेछ ।

## परिच्छेद २

**४. समितिले योजनाको निर्णय गर्दा लिइने आधारहरु :**

४.१ स्थानीय स्तरमा योजना निर्माण, सञ्चालन र मर्मत गर्नका लागि देहाय वमोजिमका आधारहरु लाई प्राथमिकता दिई पूर्वाधार छनौट गर्नुपर्ने छ ।

क. गाउँपालिका भित्र रहेका गाउँ स्तरीय पूर्वाधारहरुको सम्पन्न तथा नियमित गरी सेवा सुचारु हुने योजनाहरुमा यो रकम खर्च गर्न सकिने छ

ख. क्रमागत योजनाको रुपमा रहेका तर सम्पन्न भइ नसकेका योजना

ग. वार्षिक योजना तर्जुमा प्रकृयावाट वजेट विनियोजन हुन नसकेका योजना

घ. चालु आर्थिक वर्षमा विनियोजित रकमबाट सम्पन्न हुन नसकेका योजनाहरु

ङ. गाउँपालिकाको वार्षिक योजनामा समावेश नभएको तथा स्थानीय समुदायको माग बमोजिम वडा समितिले आवश्यक लागेको पूर्वाधार योजना

च. मध्यकालिन खर्चमा संचालन हुने तथा भई रहेका योजनाहरु ।

**५. समितिमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

५.१ समुदायले दफा ४ बमोजिम पूर्वाधार योजनामा खर्च गर्ने बजेट आवश्यक पर्ने भए प्रत्येक आर्थिक वर्षको फागुन मसान्त भित्रमा उपदफा ५(२) बमोजिमको कागजात सहित यस गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

५.२ योजना मागगर्दा पेशगर्नुपर्ने आवश्यक कागजातहरु

क) वडा कार्यालयको सिफारिस

ख) वडा समितिको निर्णय वा सिफारिसको प्रतिलिपि

ग) स्थानीय समुदायको वडा कार्यालयमा पेश भएको निवेदको प्रतिलिपी ।

घ) सम्वन्धित योजनाको लागि प्राविधिक शाखाको लगत स्टिमेट ।

ङ) कार्यक्रम [illegible]कमा खर्च सहितको कार्यक्रमको प्रस्ताव

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्योप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

## परिच्छेद-३

**६. बाधा अडकाउ फुकाउर्ने :**

यस मापदण्ड कार्यान्वयनको सम्बन्धमा प्रक्रिया सरलीकरण गर्ने र अनुसूची हेरफेर गर्ने जस्ता विषयमा गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**७. प्रचलित कानुन बमोजिम हुने :**

यस मापदण्डमा उल्लेख भएका कुराहरु प्रचलित कानुन सँग बाझिएमा बाझिएको हद सम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष